नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# कृष्णनगर भन्सार कार्यालय

## कपडाको सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री सम्बन्धी दोश्रोपटक प्रकाशित सूचना ।
(सूचना प्रकाशित मिति २०७९।०४।२६

यस कार्यालयको मिति २०७९।०३।०२ को निर्णय अनुसार जफत भएको तपसिलमा उल्लेखित कपडा भन्सार नियमावली, २०६४ को नियम ३५(२) अनुसार लिलाम विक्रिको लागि मिति २०७९।०३।०८ मा सूचना प्रकाशित भएको तर कोही कसैले कपडाको गोप्य सिलवन्दी बोलपत्र पेश नगरेको कारण कपडा लिलाम विक्रि हुन नसकेको हुँदा भन्सार नियमावली, २०६४ को नियम ३६ (५) वमोजिम सो कपडा लिलाम विक्रि गर्न दोश्रोपटक यो सूचना प्रकाशित गरिएको छ । उक्त कपडा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयले गोप्य सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ ( सात) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही आफुले कवोल गरेको रकमको न्यूनतम १०% ले हुने रकम नेपाल वैक लि. कृष्णनगरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०१४०१०००००२००९००००००१ मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आएर बुझ्न सकिने छ ।

तपसिल

| सुचना नं. | सि.नं. | समानको नाम | परिमाण | इकाइ | कायम भएको न्युनतम मुल्य ( मू.अ.कर बाहेक) रू. | बोलपत्र फारम दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १ | १ | अन्यरेसा सारी इम्बोइडरी | १६० | गोटा | १,६७,२६,२७१।०० | २,०००।०० |
| | २ | कुर्तासुरुवाल बनाउने कपडा | १९८९।३९ | मिटर | | |
| | ३ | कुर्तासुरुवाल लेडिज इम्बोइडरी | ८४८१ | गोटा | | |
| | ४ | जेन्स सर्टिङ कपडा | १७२५४।८ | मिटर | | |
| | ५ | जेन्स हाफसर्ट | २१४८ | गोटा | | |
| | ६ | जर्जेट कपडा | १४७०५।८ | मिटर | | |
| | ७ | जिन्स पाइन्ट | ५५९ | गोटा | | |
| | ८ | नेट कपडा | ५४३ | मिटर | | |
| | ९ | नेट जाली कपडा इम्बोइडरी | ३८८५।३५ | मिटर | | |
| | १० | फुल सर्ट | ४८८ | गोटा | | |
| | ११ | बुटिक कपडा इम्बोइडरी | २५०६।७२ | मिटर | | |
| | १२ | ब्रोकेट कपडा | १९२३।२ | मिटर | | |
| | १३ | लेडिज भेलभेट सल | २२४ | गोटा | | |
| | १४ | लेहेङ्गा भेलभेट | ११९ | गोटा | | |

**सिलबन्दी बोलपत्र फाराम सम्बन्धी शर्तहरु :-**

१. गोप्य शिलवन्दी दरभाउ पत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखावाट मिति २०७९।०५।०१ गते कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । साथै बोलपत्र खरिद गर्दा कै अवस्थामा प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य व्यक्ति ( फर्म/कम्पनी/संघ/ संस्था) को हकमा आयकर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । बोलपत्र खरीद गर्दाको अवस्थामा कागजात पेश गरेका अवस्थामा पुनः सोही कागजातहरु पेश गर्न अनिवार्य हुने छैन ।
२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सच्याइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनु पर्नेछ । साथै अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
३. वोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खामभित्र राखि खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ र खाम वाहिर बोलपत्र सूचना नं. र वोलपत्रदाताको नाम, ठेगाना खुलाउनु पर्नेछ ।
४.वोलपत्रदाताहरुले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामवाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयवाट विक्री गरिएको सक्कल वोलपत्र फाराममा मात्र बोलपत्र भर्नु पर्नेछ । साथै प्रचलित कानुन बमोजिम रीत नपुगी पेश भएको, कार्यालय समयभित्र पेश नभएको वा कुनै पनि सर्त राखी पेश भएको वोलपत्र मान्य हुने छैन ।
५. खरिद गरिएका वोलपत्र, मिति २०७९।०५।०२ गते दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखामा (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका वोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे वोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारीत समयमा वोलपत्रदाता अनुपस्थित भएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
६. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. वोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र आफुले कवोल गरेको साधन तथा मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर समेत बुझाई उठाई लैजानु पर्नेछ ।
८. कवोल गरेको सवै भन्दा बढी अंक स्वीकृत भए पछि कवोल गर्नेले ७ दिन भित्र आफुले कवोल गरेको मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्य भन्दा बढी कवोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कवोल अंक स्वीकृत गर्दा पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाइनेछ ।
९ . इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ ।
१०. यसमा उल्लेख भए वाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानून वमोजिम हुनेछ ।

(जनार्दन पौडेल)
प्रमुख भन्सार अधिकृत